# ११ कलाकार रुपी परमेश्वर

*__यस अध्यायको निम्ति पढ्नुहोस्:__* यशैया ६४:५-८, भजन ५१:१०, हिब्रू ८:१-५, १ इतिहास २३:५, रोमी ११:३३-३६, प्रेरित ९:१-२२।

*__स्मरण गर्नुपर्ने पद:__* **"परमेश्वरसँग केवल म एक थोकमात्र मागीरहेको छु। मेरो अनुरोध यो हो: मेरो जीवनकालभरि परमेश्वरको घरमा बस्न चाहन्छु। परमेश्वरको सौन्दर्यलाई म हेरिरहन चाहन्छु" (भजन २७:४ रूपान्तरित)**

*__मूल बिचार:__* परमेश्वर कलाकार हुनुहुन्छ? यसको अर्थ के हो? हाम्रै जीवनमा उहाँ कलाकार हुनुको अर्थ के हो?

अहिलेसम्म हामीले परमेश्वरका बिभिन्न पक्षहरूको अध्ययन गर्‍यौं: त्रीएक परमेश्वर, परमेश्वरको पवित्रता, र परमेश्वर हाम्रा मुक्तिदाता। तर परमेश्वरको बारेमा अर्को पक्ष पनि बाइबलले उल्लेख गरेको छ। त्यसतिर मानिसहरूले प्रायजसो ध्यान दिएको पाइन्दैन। त्यो हो, परमेश्वरको कलाकारिय पक्ष।

धेरै मानिसहरू कुनै न कुनै कलाको शोखिन हुन्छन्, जस्तै: चित्रकार हुनु, लेखक हुन्, नाच्नु, गाउनु, बाजा बजाउनु आदि। धेरै इसाईहरूमा ती सम्वन्धी ज्ञानहरू कमै छन्। तिनीहरूलाई के मनपर्छ भनेर तिनीहरूले भन्नसक्दछन्। तर त्यो भनाइ त केवल आफूलाई थाहाभएको भन्दा अरू थाहा नहुनुमात्र हो। बिभिन्न आकर्षक चित्रहरूलाई तिनीहरूले सराहना नै गर्लान् तर तीप्रति त्यस्तो चासो देखाएको नपाउनसक्दछन्। तर आफूलाई ती कलासम्वन्धी रूची नभएतापनि ती कला अरूको जीवनको निम्ति कत्तिको मूल्यवान छ भनी ती इसाईहरूले नसोच्नसक्दछ।

इसाई धर्मले कलासम्वन्धी स्पष्ट धारणा देखाइएको पाइन्दैन। कतिपयले त बिभिन्न कलाहरूलाई असभ्य, अधार्मिक र खराब भनेर पनि सोचेको पाइन्छ। कतिपयले त फेरि कलाको सौन्दर्यप्रति अति मुग्ध भएर त्यसलाई सांसारिक धर्मकै रूपमा पूजा पनि गरेको पाइन्छ। बिश्वमा इसाई लेखकहरू थुप्रै छन्। तर कतिपयले इसाई शिक्षाको सौन्दर्यतासँग तिनीहरूको लेख जोडेको पाइन्दैन।

बिलायतको प्रख्यात कवी जोन किट्सले व्यक्त गरेको भावनालाई हामीले सराहना गर्नुपर्दछ। उनले भनेका छन्ः "सौन्दर्य सत्य हो, सत्य सौन्दर्य हो।" परमेश्वर सत्य हुनुहुन्छ र सत्य सुन्दर छन्। परमेश्वर कलाकार हुनुहुन्छ र उहाँ सौन्दर्यको खानी हुनुहुन्छ भनेर सृष्टि आफै नै हाम्रो माझमा साक्षी भएर प्रस्तुत गरिरहेको छ।

## १. परमेश्वर कुम्हाले जस्तो हुनुहुन्छ (यशैया ६४:८)

**माटोलाई मुछेर मानिसको आकार दिएर परमेश्वर कस्तो कुशल कुम्हाले हुनुभएको थियो भनेर उत्पत्ति १:२६,२७,३१ र उत्पत्ति २:७ले कसरी देखाउँदछन्?**

"जमिनको धुलोबाट" परमेश्वरले प्रथम् मानव सृष्टि गर्नुभएको थियो भनेर खुलासा गरेर बाइबल सुरू गरिएको छ। प्रथम् मानव आदम भन्ने शव्द हिब्रू भाषामा जमिनसँग गाँसिएको छ। हिब्रू भाषामा "जमिन" भन्ने शव्द आदमह (adamah) हो। यसमा परमेश्वर कस्तो दक्ष तथा कुशल शिल्पकार वा कुम्हाले हुनुहुन्छ भन्ने अचम्मको सत्यलाई देखाइएको छ। हामीलाई जमिनको माटोलाई लिएर मुछेर, आकार दिएर हामीलाई सृष्टि गर्नुभएको हो। रगत, छाला, नशा तथा हाडहरूलाई माटोबाट कसरी बनाइयो भन्ने कुरा हाम्रो मानविय समझ भन्दा बाहिरको कुरो हो। (आजसम्म कुनै पनि वैज्ञानिकले अजीबबाट जीव सृष्टि गरेका छैनन्, केवल काल्पनिक कथा वा पौराणिक कथामा बाहेक-अनुवादकको टिप्पणी)। हो हाम्रो जीवन नै अलौकिक चमत्कार हो। मानिस भएको नाताले यसलाई हामीले बुझ्न सक्दैनौं।

"कुम्हाले वा शिल्पकार" भनेर भनिएको प्रतिकले हामीलाई माटोलाई प्रयोग गरेर परमेश्वरले बनाउनुभयो भनेर सिकाउँछ। तर केवल यसले मात्र परमेश्वरको कलाकारिताको शक्तिलाई सत्य चित्रण गर्दैन। किनभने कुनै पनि मानविय कुम्हाले वा शिल्पकारले जमिनको तत्वहरूलाई लिएर, त्यसलाई आकार दिएर फू मन्त्र गरेर सास फेर्ने जीवित प्राणी बनाउन सक्दैन।

**यहि परमेश्वर कुम्हाले जस्तो हुनुहुन्छ भन्ने चित्रणलाई यर्मिया १८:३-१० र यशैया ६४:५-८ले कसरी उल्लेख गरेका छन्?**

परमेश्वरको शक्तिको अगाडि हामी केहि पनि होइनौं र हामी असहाय छौं भनेर माथिका ती पदहरूको मूलभूत धारणा हो। हो,

निश्चय नै कुनै कुम्हालेको हातमा हामी माटो जस्तै छौं। माटोको होइन, कुम्हालेको नियन्त्रणमा हामी छौं।

तर अझ अचम्मको कुरो त यो छ, उहाँले हामीलाई मानव आकार बनाएर मूर्तिकारले सजाउन वा बेच्न कहिँ पसल वा शोपिशमा राखेर ताल्चा लगाएर छोड्नुभएन। तर निरन्तर रूपमा हामीलाई उहाँको प्रतिरूप दिन क्रियाशील भइरहनुभएको छ। हामीलाई पुनःसृजना गर्ने प्रयासमा उहाँ लागिरहनुभएको छ। उहाँको भौतिक वा अनित्य तत्वलाई अत्यन्त लगनशीलता साथ सृष्टि गर्नुभएकोले त्यसको संरचनाको चासो लिनुहुन्छ। तर हामीमा कस्तो सौन्दर्यता हाली दिन चाहनुहुन्छ त्यसप्रति उहाँ अझ बढि चासो लिनुभएको हामी पाउँछौं। उहाँको हातमा सुन्दर भएर पुनःरचिन हामीले उहाँको अगाडि आत्मसमर्पण गर्नुपर्दछ। हाम्रा अहँ भावनालाई त्याग्नु पर्दछ। उहाँको क्रियाकलापमा सहभागी हुन राजी हुनुपर्दछ। पाप यस संसारमा आएपछि हाम्रो नैतिक र अध्यात्मिक वा आत्मिक अवस्था खस्दै गइरहेको छ। तर त्यसलाई पहिलाको जस्तै अदनको बँगैचामा भएको सोन्दर्य संरचनामा फेरि रच्न उहाँ अत्यन्त इच्छुक हुनुहुन्छ। अनेक किसिमका लाली पाउडर लगाएर वा छालाको प्रत्यारोपण गरेर वा बनावटिले नै कुनै स्त्री वा पुरूष सुन्दर देखिन सक्छ तर परमेश्वरले वा हाम्रो भित्री सौन्दर्यतालाई महत्त्व दिनु हुन्छ।

**"सुन्दर जीवित आत्मा वा जीव" भनेर रूसका लेखक फेयडोर डोस्टोवस्किले एक जना काल्पनिक चरित्रलाई आफ्नो काल्पनिक कथामा रचेका थिए। तपाईंको निम्ति "सुन्दर जीवित आत्मा वा जीव"को अर्थ के हो? आत्मिक रूपमा चसक्क वा सिद्ध मोडेल अर्थात् नमूना व्यक्तित्वलाई अपनाउन तपाईंले के गर्नुपर्दछ र के गर्नुहुन्न? (हाम्रो नेपाली भनाइमा उहाँ त देउता जस्तै हुनुहुन्छ भन्ने स्तरमा पुग्न हामीले के गर्नुपर्दछ?-अनुवादकको जिज्ञासा)।**

## २. भवन निर्माणकर्ता, वास्तुकलाकार वा भवनको नक्सा बनाउने इन्जिनियर (प्रस्थान २५:१-९

परमेश्वरले अचम्म तरिकाले इस्रायलीहरूलाई मीश्रदेशको दासत्वबाट फुत्काउनु भएको थियो। अनी उहाँका जनहरूलाई सीनैको पहाडको फेदीमा ल्याउनुभयो। त्यहाँ पवित्र करार वा वाचा दिनुभएर आफूलाई आफ्ना जनहरूसँग आफ्नो एकवद्धता देखाउनुभयो। त्यहाँ

**मोसाद्वारा परमेश्वरले विभिन्न निर्देशनहरू दिनुभएको थियो। ती निर्देशनहरूमा एक सुन्दर निर्देशन के थियो, हेर्नुहोस्ः प्रस्थान् २५:१-९?**

प्रस्थानको पुस्तकको प्रथम आदि भागचाहिँ परमेश्वरले अचम्म तरिकाले इस्रायलीहरूलाई कसरी मीश्रदेशको दासत्वबाट उद्धार गर्नुभयो भनेर वर्णन गरिएको छ। अनि दोश्रो आदिभाग चाहिँ परमेश्वरले आफ्नो सौन्दर्यतालाई प्रस्तुत गर्नुभएको पाउँदछौं। परमेश्वरले मोसालाई स्वर्गमा भएको मन्दिरको नमूना अनुसार पवित्र भवन बनाउन निर्देशन प्रस्थान २५:१-९मा दिनुभएको थियो। अनि पवित्र पाल कसरी बनाउने भनेर मोसालाई त्यसको नक्सा दिनुभएको थियो। त्यस परमेश्वरको मन्दिर अर्थात् पवित्र स्थानमा के के हुनुपर्छ भनेर त्यसको विस्तृत विवरण पनि उहाँले दिनुभएको थियो। त्यहाँ भएका प्रत्येक सामान र पूजारीले लगाउने वस्त्रहरू कस्तो र केको भनेर एक एक गरेर परमेश्वरले मोसालाई सिकाउनुभएको थियो। त्यो विवरण प्रस्थान २५:१०-३१:११सम्म पाइन्छ। अनि प्रस्थान ३५:१देखि त्यस पुस्तकको अन्त्य (प्रस्थान ४०:३८)सम्म परमेश्वरको पवित्र मन्दिरको योजनालाई कसरी सम्पन्न गर्ने भनेर मोसालाई दिनुभएको निर्देशनको विवरण हामी पाउँछौं। विविन्न सुन्दर वास्तुकलाको विस्तृत विवरण हामी त्यहाँ पाउँछौं।

ती अध्यायमा उल्लेख गरिएका परमेश्वरका निर्देशनहरू पढ्दै जान्दा आधुनिक इसाईहरूलाई नियास्रो लाग्न सक्दछ। तर स्वतन्त्रभएका नयाँ-कमैया तथा दासहरूलाई विस्तृतरूपमा मन्दिरको बिवरण दिन परमेश्वर रुचाउनुभएको थियो। त्यहाँ भएका सम्पूर्ण निर्देशनहरू बाइबलमा समावेश गर्न पनि परमेश्वरकै इच्छा थियो।

बढो होशियारसाथ परमेश्वरले आफ्नो लागि बनाउने सुन्दर पवित्र भवनको लेखा मोसालाई दिनुभएको थियो। ती विस्तृत लेखा बाइबलको प्रथम् पाँच पुस्तकहरूमा उल्लेख गरिएकाछन्। कम्तिमा पचास अध्यायहरूमा केवल पवित्र भवन निर्माणको आदेश उल्लेख गरिएकाछन्। परमेश्वरले दिनुभएको नक्सामा कस्ता खालका टेबुल, सन्दुक, धुपका बेदि, पर्दा, बत्ती आदि कस्तो र केको हुनुपर्दछ र ठ्याक्कै कहाँ हुनुपर्दछ भनेर एक एक गरेर ती अध्यायहरूमा उल्लेख गरिएकाछन्। सीनैको पहाडमा परमेश्वरले केवल दश आज्ञा र अरू

बिधिबिधानहरूमात्र दिनुभएको थिएन। तर एक दक्ष तथा कुशल निर्माणकर्ताको हैशियतले सुन्दर पवित्र मन्दिर कसरी निर्माण गर्नेमात्र नभनीकन त्यसलाई कसरी सजाउने भनेर विस्तृत रूपमा चित्रण गरि परमेश्वरले मोसालाई निर्देशन दिनुभएको थियो।

पवित्र भवनको निर्माता परमेश्वर आफै हुनुभएको थियो। सबै थोक उहाँकै योजना मुताविक सम्पन्न भएको थियो। त्यस भवनमा चाहिने प्रत्येक साना साना सामान कस्तो र कहाँ राख्नुपर्छ, सो को योजना परमेश्वर आफैले गर्नुभएको थियो। मानिसको आफ्नै बुद्धि लगाउने ठाँउ परमेश्वरले दिनुभएको थिएन। बाइबलको प्रथम् पाँच पुस्तकहरूमा पवित्र भवन निर्माणको योजनाको बारेमा अरू विषयभन्दा वढि अध्यायहरू समर्पित भएको पाइन्छ।

**पृथ्वीमा भएको पवित्र मन्दिर कस्को नमूना अनुसार बनाइएको हो? हेर्नुहोस्ः हिब्रू ८ः१-५ र प्रस्थान् २५ः९। परमेश्वरलाई सौन्दर्य अर्थात् सुन्दरता कत्तिको मनपर्दोरहेछ भनेर ती पदहरूले हामीलाई कसरी देखाउँदछन्?**

हो, पृथ्वीमा भएको पवित्र मन्दिर स्वर्गमा भएको मन्दिरको केवल छायाँ अर्थात् प्रतिलिपीमात्र थियो। यसको अर्थ स्वर्गको मन्दिर त झन कस्तो सुन्दर होला, त्यसको कल्पना हामीले गर्न पनि सक्दैनौं। यो त अझ परमेश्वर आफैले निर्माण गर्नुभएको थियो।

पवित्र बासस्थान अर्थात् पवित्र मन्दिर किन सफा, सुग्घर र सुन्दर हुनुपरेको थियो, त्यसको बारेमा तपाईंले कहिलै सोच्नुभएको थियो? शायद के परमेश्वरको शक्ति र महिमालाई गहिरिएर जान्न र सम्मान गर्न होला त? परमेश्वरको त्यस यशको अगाडि आफ्नो आवश्यकताको महशूस गर्न हो त? यस पापपूर्ण संसारको अवस्थाको तुलनामा पवित्र मन्दिरको महिमाले परमेश्वरको चरित्रको बारेमा हामीलाई कसरी सिकाउँदछ?

## ३. परमेश्वर, दक्ष सङ्गीतशास्त्री (१ इतिहास २३:५)

**"....'अरू ४,००० मानिसहरूले प्रवेशद्वारहरूको रक्षा गर्नेछन्। ती ४,००० जनाले परमेश्वरको स्तुती गाउनेछन्। त्यहि उद्देश्यको निम्ति मैले उपलव्ध गराएको बाजागाजाहरू बजाएर तिनीहरूले परमेश्वरको भजन गर्नेछन्।'" (१ इतिहास २३:५ रूपान्तरित)।**

माथि उल्लेख गरेको दृष्यको कल्पना गर्नुहोस्। परमेश्वरको स्तुतिप्रसंशा गर्न चारहजार मानिसहरूले बिभिन्न बाजागाजा बजाइरहेको! परमेश्वरको त्यो आराधना कस्तो रमणीय र सुन्दर थियो होला!

हो, परमेश्वरको कलाकारीय दक्षता केवल चित्रकार, शिल्पकार, वास्तुकार (भवन निर्माणकर्ता वा इन्जिनियर)मा मात्र सिमित छैन। जब परमेश्वरले पवित्र वासस्थानमा कसरी बनाउने भनेर मात्र निर्देशन दिनुभएको थिएन। तर त्यहाँ कसरी आराधना गर्ने भनेर पनि उहाँले प्रेरणा दिनुभएको थियो। यसको अर्थ, हाम्रो परमेश्वर मनमोहक सङ्गीतको पनि प्रेमी हुनुहुन्छ।

**इस्रायलीहरूले गाउने भजनको श्रोत को हुनुहुन्छ भनेर राजा दाउदले २ सामुयल २३:१:२मा उल्लेख गरेको छ, पढ्नुहोस्।**

जुन भजनहरू दाउदले लेखे ती परमेश्वरकै प्रेरणाबाट आफूले लेखेको हो भनेर उनले प्रष्टरूपमा भन्दछन्। तर परमेश्वर आफैले उनको निम्ति सङ्गीत र शव्दहरू कोर्नुभएको थिएन। तर कस्तो खालको सङ्गीत बजाउने र कस्तो खालको गीत गाउने त्यसमा परमेश्वर अत्यन्त चासो राख्नुहुन्छ। यदि परमेश्वरलाई त्यसको ख्याल गर्नुहुन्न भने भजन रच्न उहाँले किन मानिसहरूलाई प्रेरित गर्नुहुन्छ र?

**इस्रायलीहरूले आराधना गर्ने समयमा जुन सङ्गीतहरू बजाएका थिए, त्यसमा परमेश्वर सरिक हुनुभएको थियो भनेर २ इतिहास २९:२५मा कसरी बताउँदछ?**

पुरानो करारभरी मन्दिरमा गर्ने पुजाकार्यमा सङ्गीतको भाग उल्लेखनीय थियो। उदाहरणमा, १ इतिहास २३:५मा उल्लेख गरिएको परमेश्वरको आराधनाको वातावरणको दृष्यलाई ध्यान दिनुहोस्। त्यसको कल्पना गर्नुहोस्। चार हजार बाजाहरू रे? (कस्तो अर्केष्ट्रा समावेश भएको आराधनाको प्रक्रिया थियो होला?)। त्यस समय कसैलाई पनि नियास्रो लाग्ने फुर्सद पनि थिएन होला!

विश्वको धार्मिक इतिहासमा बिभिन्न सुन्दर कला र सङ्गीतद्वारा आफूले मानेको परमेश्वरको स्तुती गर्छन भनेर मानिसहरूले तर्क गर्दछन् होला। तर आराधनाको प्रत्येक भाग, भवन, टेबुल आदि, पुजारीले लगाउने पोसाक र सेवाकार्य परमेश्वर आफैले रच्नु भएको थियो भनेर इस्रायलीहरूले मात्र दावी गर्न सक्दछन्। बिभिन्न कलाका रचनाहरूलाई बाइबलले स्वीकार गरेको थियो भन्ने कुरामा शङ्का रहने ठाउँ छैन।

चर्चमा हुने सेवाकार्यमा सङ्गीत आदि कलाको कुनै उल्लेखनीय भूमिका छैन भनेर जसले दावी गर्दछन् त्यसले बाइबलको लेखाको खिलाफमा गएको देखिन्छ। र इसाई जीवनमा कलाको स्थान सम्मानजनक छैन भनेर कसैले भन्छन् भने त्यो व्यक्ति बाइबलकै खिलाफमा गएको हुन्छ।

वर्तमान समयमा हामीसँग तत्कालिन इस्रायलीहरूको सङ्गीत छैन। तर तिनीहरूको सङ्गीतले मानिसहरूको आत्मा परमेश्वरतिर निश्चयनै उचालिएको हुनुपर्दछ। हाम्रो चर्चमा गाउने बजाउने सङ्गीतले हामीलाई कहाँ पुऱ्याउँछन्? हामीले प्रयोग गरेका सङ्गीतले हाम्रा आत्मालाई परमेश्वरतिर नलगी अर्कै दिशातिर नलैजाउन् भनेर हामी कसरी सजग हुने?

## ४. लेखकको रूपमा परमेश्वर (रोमी ११:३३-३६)

बाइबलमा भएका अत्यन्त उल्लेखनीय लेखहरूले बाइबलका चिन्तकहरू प्रायजसो प्रभावित भएकाछन्। अझ भनौं भने धेरै सांसारिक स्कुल, कलेज र बिश्वबिद्यालयहरूमा एक महत्त्वपूर्ण साहित्यिक विषयको रूपमा बाइबल पढाइन्छ। तिनीहरूले प्रार्थनापूर्वक परमेश्वरको बचन भनेर पढ्दैन न त पढाउँछन् नै। तर यसको सुन्दर साहित्यिक लेखनशैलीलाई प्रशंसा गर्दै तिनीहरूले अध्ययन गर्दछन्।

बाइबलको आकर्षित तथा प्रेरणादायी लेखहरू पढ्दा हामी येशूभक्तहरूले आशिष पाउँदछौं। त्यतिमात्र नभएर बाइबलमा देखाएका परमेश्वरका सत्यताहरूको बारेमा हामीहरूले सिक्नसक्दछौं। सुन्दर शैलीमा लेखिएका बिभिन्न कथा तथा कविताहरूलाई पवित्र आत्माको अगुवाई अनुसार पढियो भने बाइबलमा भएका अनगिन्तियौं सत्य आत्मज्ञानहरू हामीले बुझ्न सक्दछौं।

उदाहरणमा, बाइबलका गहिरो सत्यहरूलाई प्रेरित पावलले व्याख्या गर्न उत्कृष्ठ लेखनशैली प्रयोग गरेको पाइन्छ। सुसमाचारको पूरा इतिहास रोमी पुस्तकको प्रथम् एघार अध्यायहरूमा पावलले उल्लेख गर्दछन्। ती अध्यायहरू पढ्नुहोस् र तिनीहरूमा पावलले बिभिन्न बिषयहरूलाई समेतेको ख्याल गर्नुहोस्।

**जे पहिला भयो त्यसको नतिजा के भयो सो रोमी ११:३३-३६ पदहरूले कसरी व्याख्या गरेकाछन्?**

प्रथमत: पावलले मुक्तिको इतिहासलाई फराकिलो रूपमा हेर्दछन् अनि स्तुतिप्रशंसाले आफ्नो उदगार व्यक्त गर्दछन्। अर्को भाषामा भन्ने हो भने, सुसमाचारका बिभिन्न शिक्षादिक्षालाई सूची बनाएर तिनीहरूको मुक्तकण्ठले उनी प्रशंसा गर्दछन्। किनभने ती शिक्षादिक्षा उनको निम्ति पुज्यनिय थिए।

त्यहि लेखनशैली पावलले बारम्वार दोहोऱ्याउँदछन्। आफूले लेखेका व्यवहारिक सरसल्लाहका सामग्रीहरूलाई वन्द गर्नु अघि परमेश्वरको मुक्तकण्ठले प्रशंसा गर्दै गहिरो अध्यात्मिक ज्ञानहरू पावलले त्यसमा बुन्दछन्।

कतिपयलाई रहस्यमय भएको प्रकाशको पुस्तकमा पनि उत्तम लेखनशैली कम छैन। त्यसमा आत्मिक जगतको ठूलो चित्र कोरिएको छ। मुक्तिको इतिहासको छलफल यसै पुस्तकमार्फत परमेश्वरले गर्नुभएकोछ। त्यस पुस्तकका प्रायजसो सामग्रीहरू पुरानो करारबाट लिइएका छन्। उक्त प्रकाशको पुस्तक पढ्दा अरू बाइबलका लेखकहरूका शव्दचित्र, वाक्य तथा विषयवस्तुहरू सापटी लिएर त्यसलाई हातले बुनेर नयाँ कपडा पाठकहरूसामू प्रस्तुत गरेको आभास पाइन्छ। बाइबलको यस अन्तिम पुस्तकको लेखनशैली पावल र अरू कुनै सुसमाचारका लेखकहरूले लेखेको भन्दा अत्यन्त फरक छन्। स्वर्गको पवित्र मन्दिरका सातवटा दृष्यहरूलाई बढो होशियार तथा योजनवद्ध तरिकाले प्रकाशको पुस्तकमा प्रस्तुत गरेकाछन्। तिनीहरूलाई व्याख्या गर्न अति उत्तम र गहिरो शव्दचित्रहरू यूहन्नाले प्रयोग गरिएको छ। प्रत्येक दृष्यले हामीलाई स्वर्गको आँगनको भित्र भित्र पुऱ्याउँदछन्।

एक दक्ष चित्रकारले मनमोहक चित्र कोरेको झैं, अति सुन्दर शाव्दिक चित्र प्रकाशको पुस्तकमा यूहन्नाले कोरेको पाइन्छ। मुक्तिको कथालाई व्याख्या गर्न परमेश्वरले यूहन्नालाई स्तरिय रूपमा ऐतिहासिक कागजात लेख्न निर्देशन दिनसक्नुहुन्थ्यो। बरू हाम्रो अगाडि ख्रीष्ट र सैतानको बिचमा भएको अन्तरसंघर्षलाई अचम्म तरिकाले चित्रण गरिएको पाउँछौं। संसारको अन्तको बिषयमा दानियल र इजकियलले पनि लेखेका छन्। तर प्रकाशको पुस्तकमा यस विश्वको अन्त कसरी हुन्छ भनेर अझ विस्तृतरूपमा कोरिएकाछन्।

कलेजका बिद्यार्थीले बाइबललाई साहित्यको रूपमा मात्र पढेको कल्पना गर्नुहोस्। तिनीहरूले कुन् महत्त्वपूर्ण बिषयलाई बुझ्न चुके होलान्? हाम्रो आँखाको अगाडि सत्य तथा आत्मज्ञान खडा भएतापनि त्यसका अमूल्य शिक्षाहरूबाट हामी चुक्न कत्तिको सजिलो रहेछ। यसबाट हामी के पाठ सिक्नसक्दछौं।

## ५. अति दक्ष शिल्पकारको रूपमा परमेश्वर (लूका २२:३१,३२)

परमेश्वर शिल्पकार वा मूर्तिकार पनि हुनुहुन्छ। तर उहाँले आफ्नो त्यो दक्षतालाई केवल कुनै हिमालय तथा प्राकृतिक दृष्य कुँदनमात्र प्रयोग गर्नुहुन्न। तर उहाँले हामीहरूको चरित्रलाई कुँदनुहुन्छ। उहाँले पापी मानिसलाई लिएर मुँग्रा ठोकेर र छिनोले कुँदेर स्वर्गको निम्ति सुयोग्य व्यक्ति बनाउनुहुन्छ। परमेश्वरको यस शक्तिशाली तथा प्रभावकारी दक्षतालाई कसरी प्रयोग गर्नुभयो भनेर बाइबलमा धेरै प्रमाणहरू जुटाइएकाछन्। बाइबलको सुरूदेखि अन्तसम्म त्यस्ता मानिसहरूको बारेमा हामी पाउँछौं जुन हाम्रो अगाडि अयोग्य र अनआकर्षित (काम नलाग्ने बाँगो तेङ्गो चरित्र तथा रूप भएको मानिस) भनी सोच्दछौं, तर परमेश्वरले तिनीहरूलाई लिएर सुन्दर तथा सुयोग्य व्यक्तित्व बनाउनुभएको थियो।

**आत्मिक रूपमा कुँदनुपरेका केहि व्यक्तित्वहरू बाइबलमा कहाँ उल्लेख गरिएकाछन्? तिनीहरूको चरित्रमा के  परिवर्तन तथा पुनःनिर्माण गर्नुपरेको थियो? उदाहरणमा हेर्नुहोस्ः याकूब (उत्पत्ति ३२:२२-३०), दाउद (भजन ५१), पत्रुस (लूका २२:३१,३२) र पावल (प्रेरित ९:१-२२)। अरू कोहि पनि तपाईंलाई थाहा छ कि? र तिनीहरू परमेश्वरको हातमा परेपछि चोलामात्र होइन आत्मपरिवर्तन कसरी भयो? उनीहरूको चरित्रमा के के परिवर्तन भएका थिए?**

अर्को ज्वलन्त उदाहरणचाहिँ मेरी मग्दलिन हुन्। "मेरी अत्यन्त ठूली पापी थिइन्। तर कुन् अवस्थाले उनलाई नियन्त्रणमा राखेको थियो भनेर येशूलाई थाहा थियो। ...उनको निराश, अर्थहिन र क्षतविक्षत भएको जीवनलाई येशूले उभौं लगाइदिनुभएको थियो। मेरीको शरीर, हृदय र दिमागलाई नियन्त्रण गरेको दुष्ट आत्मालाई येशूले सातपल्ट हकारेर निकाल्नुभएको थियो। उनको निम्ति परमेश्वर पितासँग येशूले चित्कार गर्नुभएको उनले सुनेकी थिइन्। उनको क्रियाकलाप कत्तिको भयङ्कर पाप रहेछ भनेर उनले थाहा पाएकि थिइन् र येशूको

शक्तिद्वारा उनले पापसँगको लडाईं जितेकी थिइन्।...यस पतित महिला जसको दिमाग दुष्टआत्माहरूको थलो भएको थियो, उनलाई मुक्तिदातासम्मुख सङ्गती र सेवाकार्य गर्न ल्याइएको थियो।...त्यहि मेरी क्रुसको मुनि आँशू चुहाउँदै उभिएकी थिइन्। येशूको पुनरुत्थानको समयमा सवभन्दा पहिला चिहानमा पुग्ने उनी नै थिइन्। मुक्तिदाता येशू ख्रीष्ट बौरी उठ्नुभयो भनेर घोषणा गर्ने पहिलो व्यक्ति त्यहि मेरी थिइन्।"-एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ. ५६८बाट रूपान्तरित।

परमेश्वरको स्वरूपमा सृष्टिभएको पुरूष र महिलाका रूपहरू पापले गर्दा क्षतविक्षत भएको छ। ती पतित मानिसहरूलाई लिएर तिनीहरूको स्वरूपलाई परमेश्वरले कसरी पुनःनिर्माण गर्नुभयो भनेर मुक्तिको इतिहासले जतातते बताइरहेकाछन्। धर्मको नाउँमा देखावटी चोला परिवर्तन होइन तर आत्म-परिवर्तन गर्ने शक्ति सुसमाचारमा छ। यसले मानिसलाई सद्दे र सफा गर्दछ। यसको शक्तिले हामीलाई चाहिने आकार बनाएर हाम्रो चरित्रलाई सुन्दर बनाउँदछ। शुद्ध, स्वच्छ र समग्ररूपमा जीवनलाई पुनःसृजना गर्ने शक्ति येशूको सुसमाचारमा छ। सत्य नयाँपन वा नवजीवनले मानिसको हृदयभित्र हुँदछ। पापले गर्दा अर्थहिन र ध्वस्तभएको जीवनलाई पुनःसृष्टिगरि उसलाई सुन्दर र अर्थमूलक बनाउने काम परमेश्वरको हो।

**कुनै पनि शिल्पकारले मूर्ति बनाउँदा उसले बिभिन्न औजारहरू प्रयोग गर्नुपर्दछ। मुँग्रोले हानेर, छिनोले उप्काएर वा कुनै कुराले भरिएर मूर्तिबनाउनेले मूर्तिबनाउँछन्। त्यसमा नचाहिँदो भाग पनि फुटालेर निकालिन्छ। तपाईंको जीवनको कुन पक्षलाई परमेश्वरले छिनाल्नु परिरहेको छ? जीवनमा आएका कठिन परिवर्तनदेखि विरक्त भएर नैराश्यतमा तपाईंले आफूलाई ढाल्नुहुन्छ कि त्यसलाई परमेश्वरमा सुम्पिएर अनुशासनमा रहन चाहनुहुन्छ? यो आत्मनिर्णयको अधिकार तपाईंको निम्ति कसैले गर्न सक्दैन, केवल तपाईंले मात्र गर्नसक्नुहुन्छ। (तपाईंको चरित्रलाई निर्माण गर्न परमेश्वरलाई सुम्पिदिनुहोस्)।**

**उपसंहार:**

<u>थप जानकारी</u>: "येशूलाई ग्रहण गर्नेको हृदयमा जीवनलाई आमूल परिवर्तन गर्ने परमेश्वरको शक्तिको अनुभव गर्नसकुन्। अनि भित्री हृदयदेखि नै परमेश्वरको आत्माले काम गरिरहेको हामी देख्नेछौं।

येशूको मृत्युको परिणामले मात्र पापको क्षमा भएको हुँदैन। तर मानिसले आफ्ना हृदयमा भएका पापहरूलाई पखालेर जाउन् भनेर उहाँले ठूलो त्याग गर्नुभएको थियो। भत्किएका जीवनको पुनःनिर्माण होस् भनेर उहाँ चाहनुहुन्छ। आफ्नो अग्रसरतामा आत्म-परिवर्तन तथा नवजीवन पाएका व्यक्ति परमेश्वरको सामु योग्य व्यक्ति हुन येशूको महान् आकंक्षा हो।"-एलेन जी ह्वाइट, मानुस्क्रिप्ट रिलिजेज्, ठेली ६, पृ. ११बाट रूपान्तरित।

"कुनै पनि चित्रकारले उसले परिकल्पना गरेको चित्रलाई क्यानभास कपडामा कोर्न कडा परिश्रम गर्नुपर्दछ। नमूना अनुसारको मूर्ति बनाउन एक जना शिल्पकारले होशियारसाथ पत्थरलाई कुँद्छन् र नचाहिने भागलाई छिनाल्दछन्। त्यसरी नै ख्रीष्टको उदाहरणलाई आत्मसात् गरेर आमाबाबुले आफ्ना छोराछोरीहरूको चरित्र निर्माण गर्न अथक प्रयास गर्नुपर्दछ। बालबालिकाहरूलाई उचित आकार दिने र चरित्रलाई टल्काउने आमाबाबुको धर्म हो। चित्रकार वा कलाकारले वढो धैर्यतासाथ लगनशील भएर आफ्नो कामको योजना तयार गर्दछन्, त्यसको अध्ययन गर्दछन्। अनि आफ्नो सृजनालाई शिद्धरूप दिन कठिन प्रयास गर्दछन्। त्यसरी नै आमाबाबुले अर्थमूलक जीवन बनाउन आफ्ना छोराछोरीलाई तालिम दिनुपर्दछ। त्यसको लागि समय दिएर खट्नु पर्दछ। तिनीहरूलाई स्वर्गको राज्यको निम्ति तयार गर्ने अभिभारा आमाबाबुको हो। आमाबाबुको कामको तुलनामा चित्रकारको काम सानो र केहिपनि होइन। चित्रकारले निर्जीवित वस्तुसँग सरोकार राखेको हुन्छ। अनि त्यसैबाट सुन्दर वस्तुको आकार बनाउँदछ। तर आफ्ना छोराछोरीलाई असल वा खराब चरित्रमा ढाल्ने, त्यसको अभिभारा आमाबाबुकै हो। बालबालिकालाई बरदान वा अभिशाप हुन हुर्काउन सकिन्छ। हुर्केको बालबालिका अन्धकारमा पस्रिन वा भविष्यको पापरहित संसारमा सदासर्वदा रहन सक्दछन्।"-एलेन जी ह्वाइट, द चाइल्ड गाइडेन्स्, पृ. ४७६, ४७७बाट रूपान्तरित।

**चिन्तनमननः**

क. तपाईंसँग केहि प्रतिभा छ? त्यस खुबीको बिकास गर्न तपाईंले के अवसर पाउनुभएकोछ? तपाईंले जुन वस्तुलाई सृजना गर्नुहुन्छ त्यसले गर्दा तपाईं परमेश्वरको स्वरुपमा हुनुहुन्छ भनेर देखाउन के

सम्झिनुभएको छ? स्पष्टमा भन्ने हो भने तपाईंको सृजना गर्ने दक्षताले तपाईंको जीवनमा परमेश्वरको सृष्टि गर्ने शक्ति देखाइएको छ कि छैन?

ख. तपाईंको वरिपरि रहेका परमेश्वरले सृजनुभएका प्राकृतिक संसारलाई हेर्नुहोस्। पापले गर्दा सर्वनाश भएतापनि परमेश्वरको सृजन हात के प्रकृतिमा तपाईंले देखिरहनुभएको छ? परमेश्वर अत्यन्त कुशल गुरू कलाकार हुनुहुन्छ र उहाँ सौन्दर्यको प्रिय हुनुहन्छ भनेर तपाईंको वरिपरि रहेका प्राकृतिक दृष्यहरूले कसरी देखाउँदछन्? प्रकृतिमा के यस्ता वस्तुहरू छन् जुन व्याख्या गर्न नसकिने अति छन् र किन ती सुन्दर भए त?

ग. यस अध्यायको बिषयप्रवेशमा हामीले भनेका थियौं कि कलाको बिषयमा इसाईहरूमा भिन्न भिन्न भावनाहरू छन्। ती किन भए त? कलाको नकारात्मक पक्षहरू के के छन्? फेरि त्यसै समयमा हामीमा भएको कलाकारी बरदानलाई उचित ढँगमा उपयोग गरेर परमेश्वरको महिमा र उहाँको राज्यको बारेमा कसरी सन्देश दिनसक्दछौं?

**सारांश:** परमेश्वरको कलाकारिय दक्षतालाई प्रायजसो मानिसहरूले वास्त नगरेको पाउँछौं। हो, उहाँले सृष्टि गर्नुभएका थोकहरू र मनोहर दृष्यलाई मानिसहरू बढो शोखिनतापूर्वक सराहना गर्दछन्। तर परमेश्वरको कलाकारीय दक्षताले उहाँको महान् क्षमताहरू असिमित मात्रामा प्रदर्शन गर्दछन्। यस मृत्युको भुमरीमा परिरहेका अन्धकार पृथ्वी ग्रहमा परमेश्वरको सौन्दर्यताको उदाहरण प्रत्येक येशूभक्त होउन् भन्ने परमेश्वरको योजना छ।